बैठक मितिः २०७८/५/२९

बैठक सङ्ख्या : ६

**छलफल तथा निर्णयः**

१. नेपाल सरकारका मुख्य सचिवको संयोजकत्वमा बसेको केन्द्रीय अनुगमन तथा मुल्याङ्कन समितिको मिति २०७८/५/२० को निर्णयानुसार नेपाल सरकारको जनशक्ति व्यवस्थापन दीर्घकालीन कार्ययोजनाको अवधारणापत्र सम्बद्ध निकायहरूको सहभागितामा एक महिनाभित्र राष्ट्रिय योजना आयोगले तयार गर्ने भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०७८/५/२१ को पत्रबाट लेखी आएको विषयमा छलफल हुँदा नेपाल सरकारको मिति २०७५/६/२८ गतेको निर्णयबाट माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीज्यूको अध्यक्षतामा गठित जनशक्ति प्रक्षेपण तथा मानव संसाधन विकास योजना तर्जुमा कार्यदलको प्रतिवेदन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग माग गरी सो समेतको अध्ययनका आधारमा अवधारणा पत्र तर्जुमा गर्ने निर्णय गरियो।

२. समपूरक/विशेष अनुदानबाट सञ्चालित आयोजनाहरूको अनुगमन कार्यलाई थप प्रभावकारी बनाउन हाल सञ्चालनमा रहेको विद्युतीय प्रणाली msgrants.gov.np लाई नियमित रूपमा अद्यावधिक गर्दै विद्युतीय प्रतिवेदन प्रणालीमा ड्यासबोर्ड लगायतको व्यवस्था गरी सुदृढ गर्ने निर्णय गरियो।

२०७८।५।२९

२०७८।५।२९